का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ४५
❒ ४ चैत्र २०७६, मंगलबार
❒ 17 March 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# जुर्मुराएको तेस्रो धार

**सभापति शेरबहादुर देउवाले भटाभट विभाग गठन, केन्द्रीय सदस्य मनोनयन र आमन्त्रित सदस्य नियुक्त गर्न थालेपछि बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षले कडा विरोध सहित आपत्ति जनाइरहेका छन् । तर, यो प्रकरणमा प्रष्ट नबोलेको पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला समूहले पनि भेला मार्फत् नै आफ्नो धार प्रष्ट रहेको सन्देश दिएको छ ।**

**वीरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, ३ चैत्र

नेपाली कांग्रेसभित्रको तेस्रो गुट भनिएको नेता कृष्णप्रसाद सिटौला समूहले छुटै भेला गरेको छ । सोमबार काठमाडौंमा भएको भेलामा सिटौला समूहले पार्टीभित्रको फोहर सफा गर्ने निकष्कर्ष निकालेको छ । भेलामा सम्बोधन गर्दै सिटौलाले नेतृत्वले गरेको फोहोर सफा गर्न सबै युवा नयाँ सोचका साथ अगाडि बढ्नुपर्ने बताए । सिटौलाले अहिले कांग्रेस राजनीतिक समाजमा 'झिँगो' स्वभावबाट अगाडि बढिरहेको बताए । नेतृत्वलाई फोहोर झिँगासँग तुलना गर्दै सिटौलाले भने, 'हेर्दा मौरी र झिँगा उस्तै देखिन्छ । एउटाले फोहोर छर्दै हिन्छ । एउटाले फुलको सर बटुल्दै हिन्छ । एउटाको परोपकारी गुण छ । एउटाको ध्वंशकारी गुण छ ।'



सिटौलाले प्रत्येक तहमा रहेका युवाहरुसँग फरक-फरक क्षमता रहेको उल्लेख गर्दै सबैको क्षमता बटुल्दै कांग्रेसलाई परिवर्तनशिल बनाउनुपर्ने बताए । परिवर्तित कांग्रेसको काँधमा कम्युनिष्टसँग लडेर व्यवस्थालाई बलियो बनाउने अभियानमा लाग्न उनले आग्रह गरे । आगामी निर्वाचनमा सफलता शिखरसम्म पुग्ने अर्जुनदृष्टिका साथ तयारी गर्न उनले आग्रह गरे ।

कार्यक्रममा नेता गगन थापाले पार्टी नेतृत्वको अहिलेसम्म कृयाकलापले तोकिएको समयमा महाधिवेशन हुन नसक्ने सम्भावना बढेर गएको बताए । नेतृत्वको सफलता असफलता तोकिएको समयभित्र अधिवेशन गर्ने कुराले निर्धारण गर्ने उल्लेख गर्दै थापाले पार्टीको विधान अनुसार भूमिका निर्वाह गर्न सबैमा आग्रह गरे । महाधिवेशनको वातावरण बनाउने काम सभापति र महामन्त्रीको भएको थापाको भनाई छ । जिल्लाहरुको समायोजन समयमै सक्न महामन्त्री खट्न नसकेको आरोप पनि उनले लगाए । थापाले भने, 'महामन्त्री सचिवालयको प्रमुख हो । यस बेलामा पार्टीको महामन्त्रीले जिम्मा लिएर पार्टी कार्यालयमा गएर त्यहाँबाट महामन्त्रीको भूमिका निर्वाह गर्नुपर्ने हो । समायोजनको कुरा आयो ३०, ३२ जिल्ला बाहेक समायोजन भएन भनेर भन्न मिल्छ ? समायोजन हुन सकेको छैन् भने सातै दिन २४ घण्टा नै पार्टी कार्यालय जानुपर्‍यो त्यहाँ बस्नुपर्‍यो । प्रतिनिधि पठाएर काम गर्नुपर्‍यो । यति समयसम्म मलाई काम चाहिन्छ भन्नुपर्‍यो ।'

भेलामा २ सयभन्दा बढी नेता कार्यकर्ताहरुको सहभागिता रहेको थियो । भेलामा नेताहरुले आफुहरु कांग्रेसमा सुधार गर्दै अगाडी बढ्ने अभियानमा रहेको बताएका छन् ।

## कोरोनाविरुद्ध सेना
# आफ्नै क्वारेन्टाइन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत्र

कोरोना भाइरस विरुद्ध लड्न नेपाली सेनाले विशेष तयारी गरेको छ । सेनाले आफ्नै क्वारेनटाइन बनाउनका साथै विभिन्न योजनाहरु बनाएको छ । नेपाली सेनाका प्रवक्ता सहायक रथी विज्ञानदेव पाण्डेका अनुसार सेनाले देशैभरी यस्तो तयारी थालेको हो । उनका अनुसार कोरोना रोकथामको लागि विभिन्न स्थानमा तैनाथ सैनिकलाई भाइरसको संक्रमणबाट जोगाउन विभिन्न सूचना तथा स्वास्थ्य सन्देशहरु जारी गरिएको छ । प्रवक्ता पाण्डेका अनुसार बिहान पीटीका समयमा कोरोना भाइरसका बारेमा जानकारी गराउने, सरसफाइमा ध्यान दिन, भिडभाड नगर्न तथा नजान, अनावश्यक रुपमा ब्यारेक बाहिर आवतजावत नगर्न सेनालाई निर्देशन दिइएको छ । ब्यारेक हातामा सबैले देख्ने र बुझ्ने गरी रोकथाम र बच्ने उपायहरुका बारेमा सचेतनामूलक सामग्री राख्नका लागि सबै तहका कमाण्डरहरुलाई जंगी अड्डातहबाट निर्देशन दिइएको छ ।



सेनाले आन्तरिक तयारीका लागि जंगीअड्डासहित देशको विभिन्न भागमा संरचना तयार पारेको छ । कोरोनाबाट बच्न आन्तरिक तयारीका लागि जंगीअड्डा परिसरमा सेनाले ५४ वटा टेण्टमा लगाएको छ जसमा एउटा टेण्टमा दुई जना राख्न मिल्नेछ । यसैगरी, सेनाले छाउनीस्थित वीरेन्द्र अस्पतालमा १० वटा आइसोलेसन बेड तयार पारेको छ भने ५० जनासम्मलाई क्वारेन्टाइनमा राख्नका लागि स्थान तयार गरिएको छ । ५० जनालाई नौ वटासम्म समूहमा राख्ने गरी सेनाले क्वारेनटाइन बनाएको हो । केन्द्रमा रहेको वीरेन्द्र अस्पतालसँगै पोखरा, नेपालगञ्ज, इटहरी र १८ वटा अन्य स्थानाबाट सेनाले विपत्बाट बच्न अभ्यासको तयारी गरेको छ ।

प्रवक्ता पाण्डेका अनुसार उक्त अभ्यासमा वीरेन्द्र अस्पतालका चिकित्सकले विभिन्नखाले जानकारीसँगै कोरोना भाइरस रोकथाम गर्ने बच्ने उपाय र क्वारेन्टाइनबारे सिकाउने छन् । अभ्यासमा सहभागी हुनेहरुले फिल्डमा गएर काम बाँकी पृष्ठ २ मा

# फाइल तान्दै अख्तियार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत्र

पूर्व सञ्चार मन्त्री एवं सरकारका प्रवक्ता गोकुल प्रसाद बाँस्कोटाको कमिसन प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग फाइलहरु झिकाउन थालेको छ । सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद कमिसन प्रकरणबारे छानविन गरिरहेको अख्तियारले प्रक्रियाको सम्पूर्ण फाइल मागे हो । अख्तियार स्रोतका अनुसार केही दिनअघि सञ्चार तथा



सूचना प्रविधि मन्त्रालयललाई पत्र पठाएर सुरक्षण मुद्रण (सेक्युरिटी प्रिन्टिङ प्रेस) खरिद प्रकरणसँग सम्बन्धित सम्पूर्ण फाइल माग गरेको हो । सुरक्षण मुद्रण खरिद सम्बन्धमा कमिसनको चर्चा भएको अडियो टेप सार्वजनिक भएपछि बाँस्कोटाले राजीनामा गरेका थिए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता प्रदीपकुमार कोइरालाले छानविन अगाडि बढेको बताएका छन् । उनले भने, 'सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद प्रक्रियाका क्रममा सञ्चार मन्त्रालयमा अनियमितता भएको भनेर आयोगमा उजुरी प्राप्त भएको थियो । सो उजुरी आयोगले ग्रहण गरेको छ र, त्यस विषयमा अनुसन्धान भइरहेको छ ।' अख्तियारका तीन जना अधिकारीले प्रकरणको अनुसन्धान गरिरहेका छन् । स्वीटजरल्याण्डको केबीए-नोटासिस एसए कम्पनीको नेपाल प्रतिनिधि दाबी गर्ने विजयप्रकाश मिश्रले सुरक्षण मुद्रण खरिद प्रक्रियामा छलफल हुँदा मन्त्री बास्कोटाले करिब ७० करोड कमिसन मागेको अडियो सार्वजनिक गरेका थिए । आफुमाथि प्रश्न उठेको भन्दै मन्त्री बास्कोटाले पदबाट राजीनामा दिएका थिए ।

# आठ लाख मास्क बरामद
## बरामद भएको मास्क सर्वसाधारणलाई बेचिने

**केशर धामी/मध्यान्ह**
काठमाडौं, ३ चैत्र

कालोबजारीबाट प्रहरील बरामद गरेको मास्क सर्वसाधारणलाई बेचिने भएको छ । सोमबार महान्यायाधिवक्ताको कार्यालयले बरामद गरेका मास्क न्युनतम बजार मूल्यमा बिक्रि गर्न प्रहरीलाई निर्देशन दिएको छ । पछिल्लो समय कोरोना भाइरसको संक्रमणको त्रास बढिरहेका बेला व्यापारीहरुले कालोबजारीका लागि संकलन गरेको अवस्थामा प्रहरीले विभिन्न ठाउँबाट करिब ८ लाख मास्क बरामद गरेको हो । बरामद गरेका मास्क उचित मूल्यमा बिक्रि गर्न महान्यायाधिवक्ताको कार्यालयले निर्देशन दिएको छ । महान्यायाधिवक्ता अग्नी प्रसाद खरेलले हाल विषम परिस्थिति रहेको भन्दै बरामद गरिएका मास्कको प्रयोग गर्न सकिने निर्देशन दिएका छन् ।

महान्यायाधिवक्ताको निर्देशनमा बरामद गरिएका मास्कको मूल्य र नमुनासहितको अभिलेख एवम



फोटोसहितको डिजिटल अभिलेख मिसिलमा राख्ने र मास्कलाई हालको बजार मूल्य अनुसारको रकम साझा स्वास्थ्य सेवा तथा यस्तै प्रकृतिका अन्य सार्वजनिक संस्थाबाट लिइ सो रकम प्रहरीको धरौटी खातामा राखी मास्क अविलम्ब बिक्रि गर्न भनिएको छ । साथै अनुसन्धान भएका मुद्दाहरुमा अभियोजन गर्ने निर्णय हुँदा बिक्रिपूर्व राखिएको विवरणअनुसार धरौटी खातामा जम्मा भएको रकम जफत हुन मागदाबी लिने प्रबन्ध मिलाउन प्रहरी महानिरिक्षकलाई निर्देशन दिइएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ ।

कालोबजारी गर्न लागिएको सामान बरामद गरेपछि जिल्ला प्रशासनले सजायँ नसुनाउँदासम्म उक्त सामान प्रहरीले प्रमाणका रुपमा राख्ने र पछि सरकारले लिलाम गर्ने गरेको थियो । यसपटक भने कोरोना संक्रमणको त्रासका कारण बजारमा मास्कको चरम अभाव रहेको छ। जसलाई ध्यानमा राखी महान्यायाधिवक्ता खरेलले प्रहरीलाई प्रमाण राखेर मास्क वितरणको निर्देशन दिएका हुन् ।

## खाडीमा घरेलु कामदारको अवस्थाबारे संसदीय टोलीको निष्कर्ष
# यूएईमा राम्रो, अन्यत्र दयनीय

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत

घरेलु मजदुरका रूपमा खाडी मुलुकमा कार्यरत नेपाली महिलाको अवस्था टिठलाग्दो पाइएको छ । अवस्था दयनीय भेटिएपछि संसदीय टोलीले यूएईबाहेकका मुलुकमा घरेलु कामदारका रूपमा महिला नपठाउन सरकारलाई सुझाव दिने तयारी गरेको छ ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति विमलसाद श्रीवास्तव नेतृत्वको टोली अघिल्लो साता कुवेत, साउदी, ओमान र यूएई भ्रमणमा निस्किएको थियो । कोरोनाका कारण कुवेत नगई बिहीबार स्वदेश फिर्ता भएको टोलीले अवस्था दयनीय रहेको निष्कर्ष निकालेको हो ।

संसदीय टोलीमा सहभागी सांसद् भीमसेनदास प्रधानले साउदी र ओमनमा कार्यरत घरेलु महिला कामदारको अवस्था निकै दयनीय भेटिएको मध्यान्हलाई बताए । बधुवा मजदुरसरह महिलालाई काममा लगाएको दृश्यले आफू निकै दुःखी बनेको प्रधानले जानकारी दिए ।

'हामीले कुवेतबाहेक साउदी, ओमान र यूएईमा रहेका नेपाली महिला कामदारबारे अध्ययन गर्‍यौं,' प्रधानले त्यहाँको अवस्थाबारे वर्णन गर्दै भने, 'तर अवस्था निकै दयनीय भेटियो । त्यहाँ कार्यरत नेपाली महिलाको अवस्था बेचिएसरह छ ।'

सांसद् प्रधानका अनुसार, त्यहाँ कार्यरत महिलालाई सामान्य मौलिक हक अधिकार उपभोग गर्नमा पनि वञ्चित गरिने गरेको छ । भेटघाट तथा घुमफिर गर्न समेत दिने गरिएको छैन । यस्तो समस्या ओमान र साउदीमा बढी देखिएको छ । यही कारण त्यहाँ कार्यरत नेपाली महिलाले कमाएको रकम परिवारमा पठाउन नपाएको प्रधानले बताए ।

'हरेक मानिसका आफ्ना नैसर्गिक अधिकार हुन्छन् । हिँड्ने, बोल्ने र घुमफि र गर्ने अधिकार उनीहरूमा हुन्छ,' प्रधानले अगाडि थपे, 'तर, ओमान र साउदीमा घरेलु कामदारका रूपमा कार्यरत नेपाली महिलाले घरबाट बाहिर निस्कन पाउँदैनन् । जसका कारण पसिना बगाएर गरेको दुःखको कमाइ कतिपयले परिवारलाई पठाउन नसकेको पाइयो ।'

**यूएई तुलनात्मक रूपमा राम्रो**

श्रीवास्तव नेतृत्वको संसदीय टोलीमा सांसद् प्रधानका साथै सांसदहरू गोपालबहादुर बम, दूर्गाकुमारी विश्वकर्मा, प्रमोद साह र सूर्यनारायण यादव सहभागी थिए । त्यसैगरी, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठक, संसद् सचिवालयका कर्मचारी शिवदत्त बराल र केशवराज सुवेदी पनि खाडीमा कार्यरत नेपालका घरेलु महिला कामदारको अवस्थाबारेको अनुगमनमा साथै थिए ।

टोली नेपाली कामदारको गन्तव्य मुलुक कुवेत जाने कार्यतालिका तय भएको थियो । तर, कोरोना संक्रमणका कारण टोली त्यसतर्फ जाने कार्यक्रम स्थगित भयो । यही कारण कुवेत पुगेर अध्ययन गर्ने योजनाले भने मूर्तरूप लिन नसकेको सांसद् प्रधानले बताए ।

'घरेलु कामदारका रूपमा नेपाली महिला कुवेतमा असुरक्षित रहेको गुनासोपछि हामीले कुवेत अनुगमन गर्ने योजना बनाएका थियौं,' प्रधानले भने, 'तर, कोरोना त्रासमा रहेको कुवेत सरकारले विदेशीको प्रवेशमा निषेध गरेपछि त्यहाँ नपुगी फर्कियौं ।'

नेपाली महिलालाई कुवेत लगिने र त्यहाँबाट साउदी अरब र सिरियासम्म पुर्‍याएर अलपत्र पार्ने गरिएको समाचारहरु पटकपटक सार्वजनिक हुँदै आएका छन् । तर संवेदनशील मानिएको मुलुक कुवेत नै नपुगी नेपाली टोली फर्किएको छ ।

संसदीय टोलीले यूएईको भने अनुगमन गरेको बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### भोलिदेखि मलेसिया 'लकडाउन'

काठमाडौं/मस- विश्वव्यापी रूप लिएको कोरोना नियन्त्रणका लागि मलेसिया सरकारले लकडाउन गर्ने निर्णय लिएको छ । लकडाउन मार्च १८ देखि ३१ सम्म हुनेछ ।

मलेसियास्थित सञ्चारमाध्यमहरूले जनाएअनुसार, लकडाउन अवधिभर देशबाहिर जान प्रतिबन्ध लगाइएको छ । देशबाहिर रहेका मलेसियनहरू स्वदेश फर्कन रोकिएको छैन । तर, त्यसरी फर्किएका मलेसियनहरूले स्वास्थ्य परीक्षण गरेर १४ दिन सेल्फ क्वारेन्टाइनमा बस्नुपर्नेछ । तर, पर्यटकले भने यो अवधिमा मलेसिया प्रवेश पाउने छैनन् ।

लकडाउन अवधिभर शैक्षिक संस्थाहरू पनि बन्द रहनेछन् । त्यहाँस्थित सरकारी निकाय पनि यो लकडाउन अवधिमा बन्द रहने मलेसियन सरकारलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

# सवारी चालकको पिसाब जाँच

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ चैत्र

सवारी दुर्घटना न्यूनिकरणका लागि बागमती प्रदेशमा सडकमै चालक र सहचालकको पिसाब जाँच सुरु गरिएको छ । प्रहरीका अनुसार लागुऔषध नियन्त्रण तथा सवारी दुर्घटना न्यूनिकरण गर्ने अभियानअन्तर्गत बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडासँग सहकार्य गरी जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले सडकमै चालक र सहचालकको पिसाव परीक्षण सुरु गरेको हो ।



मेलम्चीबाट सुरु भएको यो अभियान अन्य क्षेत्रमा पनि लागु गर्ने जनाइएको छ । सिन्धुपाल्चोक प्रहरी प्रमुख एसपी प्रज्वल महर्जनले लागुपदार्थ सेवन गरी सवारी चलाउँने चालकको संख्या बढिरहेको गुनासो आएपछि त्यसको नियन्त्रणका लागि सडकमै चालक र सहचालकको पिसाव परीक्षण सुरु गरिएको छ । चेकजाँचको कार्यक्रमको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका निमित्त प्रमुख किशोरकुमार दाहाल र सिन्धुपाल्चोक प्रहरी प्रमुख एसपी महर्जनले सवारी चालकलाई चेकजाँच किट प्रदान गर्दै सुरुआत गरे ।

एसपी महर्जनका अनुसार मादक पदार्थ सेवन गर्दा समातिने डर भएपछि चालकहरूले लागुपदार्थ सेवन गर्न थालेको सूचना प्राप्त भएसँगै परीक्षण गर्ने काम थालिएको छ । उनले भने, 'ब्रेथलाइजरबाट लागुपदार्थ सेवन गरेको पत्ता लाग्दैन, त्यसैले लागुपदार्थ गर्नेको संख्या बढेको देखियो, अनि यहाँ ठूला दुर्घटना पनि भए । अब मापसे (मादक पदार्थ) र लापसे (लागुपदार्थ सेवन) जाँच एकै साथ गर्न सक्छौं । जसको कारण दुर्घटना न्यूनिकरण गर्न सकिने छ । अकालमा ज्यान जाने जोखिम कम हुनेछ ।' सवारी दुर्घटना न्यूनिकरण गर्ने अभियान कै रूपमा सञ्चालित यस कार्यक्रमलाई अब बागमती प्रदेशअन्तर्गतको १० वटै जिल्लामा निरन्तरता दिइने बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका निमित्त प्रमुख किशोरकुमार दाहालले जानकारी दिए ।

सवारी दुर्घटना न्यूनिकरण गर्न सवारी चालकहरुले लागुपदार्थ सेवन गरेरनगरेको बारे जानकारी लिन ट्राफिक प्रहरी, इलाका प्रहरी कार्यालय मेलम्चीलाई बाँकी पृष्ठ २ मा

# रेडक्रसको अनियमितताबारे समितिमा बहस

**काठमाडौं/रासस–** मानवीय सेवाभावले अभियान सञ्चालन गर्ने विश्वव्यापी छवि भएको स्वयंसेवी सामाजिक संस्था नेपाल रेडक्रस सोसाइटीमाथि आर्थिक अनियमितता र संस्थागत वैधाधिनकतामा प्रश्न उठेपछि प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिमा बहस भएको छ। रेडक्रसका पदाधिकारीले आर्थिक अनियमितता गरेको, संस्था नवीकरण नगरी सञ्चालन भइरहेको तथा विदेशी सहयोगको दुरुपयोग भएको भनी उजुरी परेपछि समितिले रेडक्रसका अध्यक्षसहितका पदाधिकारीलाई सिंहदरबार बोलाएर उठेका विषयमा जानकारी दिएको हो।



करिब ११ लाख सदस्य रहेको नेपाल रेडक्रस सोसाइटी नेपाल संस्था ऐनबमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता भई सञ्चालन हुँदै आएकामा हाल नवीकरण नै नगरिकन सञ्चालनमा रहेको, कार्यक्रम सञ्चालन गर्दा समाज कल्याण परिषद्बाट पूर्वस्वीकृति नलिएको, वैदेशिक सहायता प्राप्त गर्दा सरकारको स्वीकृति नलिने गरेको, संस्थामा नेतृत्व परिवर्तन हुन नसकेको लगायत ११ भन्दा बढी प्रश्न समितिले उठाएको थियो।

संस्था स्थापनाको ५७ वर्षे इतिहासमा नेपाल रेडक्रसले आफ्नो विधान प्रमाणीकरणका लागि तदारुकता नदेखाएको, रेडक्रसको नियमन गर्ने सरकारी निकायको निश्चित नभएको तथा रेडक्रसले स्थापनाकालदेखि अहिलेसम्म गरेको खर्चको अभिलेख दुरुस्त नगरेको, रेडक्रसको भौतिक संरचना (भवन तथा जग्गा) को बहाल कर नतिरेको, गोदाम घर निर्माण गर्दा अनियमितता भएको, संस्थाको वैधानिकताका लागि निर्वाचन नगरेको लगायत विषयमा समितिमा उजुरी परेको थियो। रेडक्रसको अनियमितताका विषयमा एक वर्षदेखि बहस भइरहे पनि निष्कर्षमा पुग्न सकेको छैन। यसअघि राज्य व्यवस्था समितिले पनि सोही विषयमा रेडक्रसका पदाधिकारीसँग छलफल गरेको थियो।

दुई समितिले बोलाएर छलफल गर्दा रेडक्रसका पदाधिकारीले आलटाले जवाफ दिने गरेका छन्। सोमबार बसेको समितिको बैठकमा समिति तथा सांसदले उठाएका जिज्ञासाको सतहीरुपमा जवाफ दिएर पन्छिन खोजेको जस्तो देखियो। समितिका सभापति निरुदेवी पालले रेडक्रस सोसाइटीमाथि उठेका आर्थिक, अनियमितता, नीतिगत र संरचनागत कमीकमजोरीका विषयमा समितिलाई स्पष्ट गर्न आग्रह गरेपछि नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष सञ्जिव थापाले मानवीय सेवामा ७५ वर्ष पूरा गरेको अन्तर्राष्ट्रिय संस्था रेडक्रसले कुनै किसिमको आर्थिक अनियमितता नगरेको र संस्था नवीकरणका लागि प्रक्रिया भइरहेकाले संस्थामाथि उठाइएको हल्ला निराधार भएको बताए।

अन्तर्राष्ट्रिय सोसाइटीअन्तर्गत १९२ देशसँग सहकार्य गर्ने रेडक्रसले नेपालमा विभिन्न खाले विपद् र जोखिमयुक्त घटनामा आफूलाई स्वयंसेवी अभियान प्रभावकारीरुपमा सञ्चालन गर्दै आएको र संस्थाअन्तर्गत सञ्चालन हुने कार्यक्रमलाई वैदेशिक सहायता र अनुदान लिने गरिएको अध्यक्ष थापाले स्पष्ट पारे। संस्थाले आयकर र घरबहाल कर तिर्दै आएको भए पनि रु पाँच करोडको सम्पत्ति कर तिर्न नसकिने जनाएको छ। सरकारीतर्फको रु एक पनि अनुदान नलिएकाले कर्मचारीको खर्च र अभियान सञ्चालनका लागि संस्थालाई मुस्किल पर्ने भएकाले सम्पत्ति कर बुझाउन सक्ने अवस्थामा नरहेको उनले बताए।

संस्थाले भूकम्पपश्चात् छ हजारभन्दा बढी घर निर्माण गरेको, विभिन्न जिल्लामा विद्यालय, खानेपानी जस्ता कार्यमा खर्च गरिएको जनाएको छ। 'अभियान सञ्चालनका लागि हामीले वैदेशिक सहायता लिएकै हो, कतिपय समाजकल्याण परिषद्बाट स्वीकृति लिएको हो, केही संस्थागत मापदण्ड र परिधिभित्र रहेर खर्च गरिएको छ, उनले भने। रेडक्रसले हालसम्म विदेशी सहयोगलाई पारदर्शी र व्यवस्थित ढङ्गले सञ्चालन गरिरहेको तर संस्था सञ्चलनका लागि कानून नभएकाले यसको वैधानिकताका लागि कानून अपरिहार्य रहेको अध्यक्ष थापाले बताए।

संस्थामा रु आठ अर्ब ९३ करोड छ लाख ६२ हजार वैदेशिक सहयोग प्रतिबद्धता आएकामा हालसम्म प्राप्त रकम रु सात अर्ब ९० करोड ९१ लाख २२ हजार प्राप्त भएको छ। सन् २०१९ सम्म रु सात अर्ब ७७ करोड ८९ लाख तीन हजार खर्च भएको अध्यक्ष थापाले जानकारी दिए। विसं २०७२ को गोरखा भूकम्पपश्चात्को उद्धार, राहत, पुनःस्थापना कार्यमा व्यापक अनियमितता भएको जनगुनासो बढेको तथा संस्थाको हाल ७५ जिल्लामा उपस्थित संरचनालाई प्रदेश तथा स्थानीय तहमा विस्तार नभएको सम्बन्धमा पनि समितिले चासो लिएको थियो। सांसद खेमप्रसाद लोहनी, विमला विश्वकर्मा, विमला नेपाली, लीला गुरुङ, गङ्गा चौधरी, महेन्द्रकुमारी लिम्बू, ध्रुवकुमार शाही र सीताराम महतोले रेडक्रसका विषयमा व्यापक अनियमितता भएको भनी हल्ला फैलिएकाले यसको सत्यतथ्य छानबिन गरी दोषी उपर कानूनी कारवाहीका लागि सिफारिस गर्न माग गरे।

साथै उनीहरुले रेडक्रसका विषयमा उठेका सवाललाई सम्बन्धित सबै पदाधिकारीलाई बोलाएर, उजुरीकर्ताको समेत सत्यतथ्य बुझेर मात्रै आवश्यक निर्णय लिन पनि सभापतिसमक्ष आग्रह गरे। समितिले यसअघि उजुरीकर्तासँग पनि छलफल गरिसकेको छ। यसैबीच समितिले नेपाल रेडक्रस सोसाइटीमा भएका भनिएका अनियमितताबारे समितिलाई प्राप्त उजुरी सम्बन्धमा रेडक्रसका पदाधिकारीसँग छलफल भई थप जानकारी प्राप्त गरिनुका साथै आगामी बैठकमा अन्य सरोकारवालालगायत सरकारी निकायलाई आमन्त्रित गरी छलफल गर्ने निर्णय गरेको छ।

# एमसीसीबारे गम्भीर ढंगले बहस भइरहेको छ : सभामुख

**काठमाडौं/मस–** सभामुख अग्निप्रसाद सापकोटाले 'मिलेनियम च्यालेन्ज कर्पोरेशन' (एमसीसी) सहयोगसम्बन्धी प्रस्ताव छलफलकै चरणमा रहेको टिप्पणी गरेका छन्। सिंदरबारमा आज पत्रकारसँगको अनौपचारिक भेटघाटमा उनले एमसीसी प्रस्तावका विषयमा गम्भीर ढंगले बहस भइरहेको बताए।

'एमसिसी बहसमै छ, कोभिड–१९ का कारण बहस यतातर्फ केन्द्रित भए पनि त्यो बहसमै छ,' उनले भने, 'दलहरुभित्र पनि छलफल भइरहेको छ, पारित गर्ने अवस्था आएपछि पारित हुन्छ।' उनले दलहरुबीच सहमति भएपछि सभामुखले सहजीकरण मात्रै गर्ने टिप्पणी गरे।

विद्युत् प्रसारण लाइन निर्माण र सडक स्तरोन्नतिमा खर्च गर्ने गरी अमेरिकी सरकारले उपलब्ध गराउने उक्त सहयोग ग्रहण गर्ने वा नगर्ने सम्बन्धमा बहस भइरहेको छ। सत्तारूढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले एमसिसी सहयोग लिने/नलिने भन्ने सम्बन्धमा अध्ययन गर्न गठित कार्यदलले एमसिसीका कतिपय प्रावधान संशोधन गरेरमात्र सहयोग ग्रहण गर्न सुझाव दिएको छ।

**चालु अधिवेशनमा आठ विधेयक पारित**

सङ्घीय संसद्को चालु अधिवेशनमा हालसम्म प्रतिनिधिसभाबाट आठ विधेयक पारित भएको छ। त्यस्तै ३३ विधेयक प्रक्रियामा, ६ विधेयक दर्ता तथा एक विधेकयमाथि सैद्धान्तिक छलफल भएको छ।

यस्तै १३ विधेयक विभिन्न समितिमा रहेका, विभिन्न तीन समितिको प्रतिवेदन सभामा पेश, एक सन्धि र दुई जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित भएको सभामुखले जानकारी दिए। कोरोना भाइरस सङ्क्रमणको गाम्भीर्यतालाई हेरेर केही दिन संसद् स्थगन गरिएको स्पष्ट पार्दै उनले 'पर्ख र हेर'को अवस्थामा रहेको बताए। सभामुख सापकोटाले राज्यका सबै अवयव र जनताको स्तरबाट एकजुट भएर कोरोनाका विरुद्ध लाग्नुपर्ने अवस्था आएको बताए।

दलहरुबीच सहमति हुनेबित्तिकै उपसभामुख निर्वाचन

सो अवसरमा सभामुख सापकोटाले दलहरुबीच सहमति हुनेबित्तिकै उपसभामुखको निर्वाचन कार्यतालिका सार्वजनिक गरिने बताए। उपसभामुख निर्वाचनका लागि आफूले संसदीय दलका उपनेतासँग कुरा गरिरहेको र यो विषय छलफलकै चरणमा रहेको पाएको जानकारी दिए।

उपसभामुख डा शिवमाया तुम्वाहाङ्फेले पदबाट राजीनामा दिएसँगै माघदेखि उपसभामुख पद रिक्त छ। उपसभामुखका सम्बन्धमा दलहरुबीचमा सहमति जुट्न सकेको छैन।

सभामुख सापकोटाले राष्ट्रियसभाका अध्यक्षको परामर्शमा प्रतिनिधिसभा सचिव गोपालनाथ योगीलाई अर्को व्यवस्था नभएसम्मका लागि सङ्घीय संसद्को महासचिवको जिम्मेवारी तोकिएकोसमेत बताए। 'महासचिवको अनुपस्थितिमा यसअघि पनि उहाँले नै कावा महासचिवका जिम्मेवारी सम्हाल्दै आउनुभएको थियो, अध्यक्षसँगको परामर्श र ज्येष्ठताका आधारमा योगीलाई महासचिवको जिम्मेवारी तोकिएको हो,' उनले भने।

प्रतिनिधिसभाका महासचिव मनोहरप्रसाद भट्टराई आइतबारदेखि सेवानिवृत्त भएसँगै सभामुख सापकोटाले प्रतिनिसिभाका सचिव योगीलाई आजदेखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्म महासचिवको जिम्मेवारीको तोकेका थिए।

**समितिको बैठकमा सहज पुहाच मिलाउँछु**

केही संसदीय समितिका बैठकमा सञ्चारकर्मीलाई प्रवेश निषेध गरिएको विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सभामुख सापकोटाले त्यसका लागि आफूले छलफल थालेको बताए।

'समितिको बैठकमा सञ्चारकर्मीको सहज पुहँचका लागि म लागिपरेको छु,' उनले भने, 'सञ्चारकर्मीलाई पहुँच होस् भन्ने नै हो, यही विषयमा समितिका सभापतिसँग कुराकानी गर्नेछु।' समितिको कामकारवाहीलाई प्रभावकारी बनाउने विषयमा आफूले यही बुधबार प्रतिनिधिसभाअन्तर्गतका सबै समितिका सभापतिसँग छलफल राखेको जानकारी दिए। आन्तरिक व्यवस्थापनका विषयमा लाग्दा आफूले विभिन्न समितिमा गैरसरकारी संस्थाको पुहँचका बारेमा सोच्न नभ्याएको उनको प्रस्टोक्ति थियो। चालु अधिवेशन अन्त्य गर्ने विषय छलफलकै चरणमा रहेको उनको भनाइ थियो।

## खाडीमा...

छ। अनुगमनका क्रममा यूएईमा कार्यरत नेपाली घरेलु महिलाको अवस्था भने राम्रो पाइएको सांसद् प्रधानले जानकारी दिए। भ्रमण टुंग्याएर फर्किएको संसदीय टोली प्रतिवेदन लेखनको तयारीमा जुटेको छ। स्रोतका अनुसार, यूएईबाहेकका खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिला पठाउन नहुने निष्कर्षसहित प्रतिवेदन बनाउने तयारी गरिएको छ। टोलीले सभामुखसमक्ष आफ्नो प्रतिवेदन बुझाएपछि यसबारे थप निर्णय हुने बताइएको छ।

करिव साढे चार वर्ष पहिले तत्कालीन व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिका सभापति प्रभु साह नेतृत्वको टोली खाडीमा कार्यरत नेपाली घरेलु महिला कामदारबारे अध्ययन गरेको थियो। अध्ययनपछि टोलीले खाडीका ६ वटा देशमा घरेलु कामदार पठाउन नहुने निष्कर्ष निकालेको थियो। संसदीय टोलीको यही सुझाव ग्रहण गर्दै सरकारले त्यसतर्फ महिला पठाउन प्रतिबन्ध लगाएको थियो। यद्यपि, अवैध बाटो भएर नेपाली महिला खाडीका देश गइरहेका छन्। प्रतिबन्धपछि पनि घरेलु कामदारका रूपमा महिलाहरू त्यसतर्फ जाने क्रम यथावत् रहेपछि संसदीय टोली त्यसतर्फ गएर फर्किएको हो।

## कोरोना...

गर्नसक्ने उनले जनाए। शान्ति स्थापनार्थ विभिन्न देशहरुमा तैनाथ सेनाहरुलाई कोरोना संक्रमणका बारेमा जानकारी गराउने, रोटेसन फ्लाइट स्थगित गर्ने र सरसफाइ तथा सचेतनामा ध्यान दिन पूर्व सतर्कता अपनाइएको प्रवक्ता पाण्डेले जनाए। यसअघि चीनबाट उद्धार गरिएका नेपालीहरुको स्वास्थ्य चेकजाँच र रेखदेख पनि नेपाली सेनाकै टोलीले गरेको थियो। सेनाका डाक्टरहरु उद्धार गरिएकाहरुको उपचार गरेका थिए।

## सवारी ...

समेत अग्रसर गराउदै गरिएको चेकजाँचले सवारी दुर्घटना न्यूनिकरण कम गर्ने एसपी महर्जनको दाबी गरे। उनका अनुसार बागमती प्रदेशमा ड्रग युरिन टेष्ट किटबाट सडक मैं जाँच गरिएको यो पहिलो पटक हो। यस्तै यहाँबाट छुट्ने छोटो तथा लामो दूरीका सवारी साधनका चालकलाई प्रशिक्षणसँगै यस्तो अभियान थालिएको प्रस्ट पारे।

# गाउँपालिकामा बम विस्फोट

**बाजुरा/मस–** बाजुराको पूर्वी उत्तरी भेगको जगन्नाथ गाउँपालिकाको गेट नजिकै बम विस्फोट गराइएको छ। अज्ञात समूहद्वारा कार्यालय परिसर क्षेत्र रहेको कार्यालयको ढोका नजिकै बम विस्फोट गराइएको गाउँपालिकाले जनाएको छ। गाउँपालिका र प्रहरी कार्यालयसँगै रहेको परिसरमै बम विस्फोट गराइएको हो।

सिसिटिभीको निगरानी भए पनि कार्यालय परिसर नजिकै बम विस्फोट हुन सुरक्षा चुनौती बढेको छ। प्रहरी चौकी कार्यालय र नियमित प्रहरी सुरक्षा खटिएकै क्षेत्रमा बम विस्फोट गराएपछि जनप्रतिनिधि र स्थानीय त्रसित बनेका छन्।

अज्ञात समूहले सोमबार बिहान कार्यालयको ढोकाभन्दा करिब ५० मिटरको दूरीमा बम विस्फोट भएको प्रहरी प्रमुख भट्टराइले बताए। गाउँपालिकाको ढोकाभन्दा ५० मिटरको दूरीमा बम विस्फोट गराइएको हो।

बम विस्फोट गराउने समूहले जिम्मा नलिएकाले अज्ञात समूह भनिए पनि विप्लव समूहले विस्फोट गराएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ। जिल्लामा चन्दा आतङ्क मच्चाइरहेको स्रोतका दाबी छ।

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रमुख प्रहरी नायब उपरीक्षक टङ्कप्रसाद भट्टराइले गाउँपालिकाको ढोकामा बम विस्फोट गराएको बताए। तीन साताअघि मात्र जिल्ला प्रहरी कार्यालय नजिकै पीसविनको कार्यालयको ढोकामा बम राखिएको थियो। जिल्लामा बम राख्ने, चन्दा असुली गर्ने, फोनबाट धम्की दिने जस्ता गतिविधि बढेपछि सुरक्षा चुनौती बढेको छ। प्रहरीले शङ्कास्पद व्यक्तिको मोबाइल टाइयापिङ गरिरहेको भए पनि गतिविधि रोक्न नसकेको अवस्था छ।

गाउँपालिका केन्द्र रहेको जुड्डीमा फोन सम्पर्क नभएकाले विस्तृत विवरण आइसकेको छैन। घटनाबारे अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।


**UAE मा रोजगार** | कम्पनी : MASTER MAIDS CLEANING SERVICES LLC. शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५३६ LT. No.: 234950

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 0 | 3 | स. काममा दक्ष | 1000 | ३२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैंले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**स्काई ब्रिज ओभरसिज प्रा. लि.**

फोन नं.: ०१-४३८३९१३, ४३५७०३५, फ्याक्स नं.: ४३८४०३१, गोंगबु, काठमाडौं, नेपाल

मोबाईल नं.: ९८५१०८५३३९, ९८०३६६८३३३, ९८१४४३५८५७, ९८४१९९३३१२, ९८६०२५७४९७, ९८१६७९२२५८, Email: skybridgeoverseas2017@gmail.com

श्रम इजाजत नं. ११६६/०७३/०७४



**मलेसियामा रोजगारको अवसर** | कम्पनी : BESTEEL BERHAD शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४९० LT. No.: 235020

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**DITYA INTERNATIONAL PVT. LTD.**

Sinamanga-9, Manpower Bazar, Kathmandu, Tel.: 4492260

E-mail : dityainternational1171@gmail.com, Web.: www.dityainternational.com

श्रम ई. पत्र नं.: ११७१/०७३/०७४


**बाँफिकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**बाँफिकोट, रूकुम (पश्चिम)**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति :- २०७६/१२/०४**

यस बाँफिकोट गाउँपालिकाबाट मिति २०७६/११/१२ र मिति २०७६/११/१४ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलको बोलपत्रदाता न्युनतम मुल्याकित सारभुत रुपमा प्रभावग्राही देखि आएकोले स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र (३) अनुसार जानकारी गराउन र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुलाइ जानकारीको लागि प्रकाशित गरिएको छ।

| ठेक्का नं. | विवरण | जम्मा कबोल अंक (मु.अ.कर समेत) | छनौट भएको बोलपत्रदाता | कैफियत |
|---|---|---|---|---|
| BRM/NCB/WORKS 03/076/077 | वडा न ३ को वडा भवन निर्माण | रु ६८,०५,९७७६६ | निर्मल निर्माण सेवा बाँफिकोट रुकुम पश्चिम | |
| BRM/NCB/WORKS 04/076/077 | बाँफिकोट गाउँपालिकाको भवन निर्माण | रु ८१,३७,२५७५७ | निर्मल निर्माण सेवा बाँफिकोट रुकुम पश्चिम | |

**प्रमुख प्रशासकीय अधिकृत**

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**प्रदेश नं. १, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशितमिति : २०७६/१२/०४ (17thMarch 2020)

यस कार्यालयबाट मिति २०७६/१०/१२ मा प्रकाशित निम्न बमोजिमको बोलपत्र आव्हान सम्बन्धी सूचना (Single stage Two Envelope) अनुसार निर्धारित समय भित्र रीत पूर्वक पेश भएका Electronic बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कनमा देहायका बोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७६/१२/११९ 24th March 2020) गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| Contract No | Description of Work | Bidders Name | Technical Responsive/ Non Responsive | Remarks |
|---|---|---|---|---|
| 21/BEL AKA/ UDA/20 76/077 | Construction of Aambasi-Purandaha--Bhagalpur--Satpatre--Rampur Road | Shah NirmanSewa | Responsive | |
| | | AjadNirmanSewa Pvt. Ltd | Responsive | |
| | | Gaura-Pabitra NirmanSewa JV | Non Responsive | Requirement of Equipments are not Satisfied. |
| | | Joshi NirmanSewa Pvt Ltd | Non Responsive | Requirement of Equipments are not Satisfied. |
| | | Aashirbad/Sagarmatha/ Sushamadityajv | Non Responsive | Requirement of Firm, Business & VAT, PAN Registration are not Satisfied. |

**For Chief Administrative Officer**

# राष्ट्रियसभाबाट रेडियोधर्मी विधेयक पारित



**काठमाडौं/मस-** राष्ट्रियसभाको सोमबारको बैठकले 'रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६' लाई सर्वसम्मतिले पारित गरेको छ । बैठकमा शिक्षा विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले 'रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६' लाई पारित गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेका थिए । विधेयक विसं २०७५ पुस ८ गते संसद्मा दर्ता भएको थियो ।

त्यसैगरी बैठकले 'शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७६' का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सर्वसम्मतिले स्वीकृत गरेको छ । बैठकमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले उक्त विधेयकमाथि प्रतिनिधिसभाबाट भएको संशोधनमाथि विचार गरियोस्' भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।

उक्त विधेयक गतवर्ष चैतमा संसद्मा दर्ता भएको थियो । राष्ट्रियसभामा उत्पत्ति भएको विधेयक प्रतिनिधिसभा हुँदै राष्ट्रियसभामा पुनःआएको हो । बैठकमा विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री पोखरेलले शिक्षासम्बन्धी विभिन्न ऐनमा एकरुपता कायम गर्न र नेपालको संविधान अनुकूल बनाउन आवश्यक भएकाले विधेयक ल्याइएको जानकारी दिए ।

अध्यागमन विधेयक विधायन समितिमा

राष्ट्रियसभाको सोमबारको बैठकले 'अध्यागमन विधेयक, २०७६' लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ । बैठकमा गृहमन्त्री रामबहादुर थापाकातर्फबाट शिक्षा विज्ञान तथा प्रविधिमन्त्री पोखरेलले 'अध्यागमन विधेयक, २०७६' लाई दफाबार छलफलका लागि विधान व्यवस्थापन समितिमा पठाइयोस्' भनी प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावलाई बैठकको सर्वसम्मतिले स्वीकृत गर्दै विधायन व्यवस्थापन समितिमा पठाएको हो ।

हवाई सेवा र नागरिक उड्डयन प्राधिकरण विधेयक स्वीकृत

राष्ट्रियसभाको सोमबारको बैठकले 'नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६' र 'नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६' स्वीकृत गरेको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले विचार गरियोस्, भनी राष्ट्रियसभामा प्रस्तुत गर्नुभएको दुवै विधेयकलाई सर्वसम्मतिले स्वीकृत गरेको हो । यही फागुन ११ गते उक्त विधेयक संसद्मा दर्ता भएको थियो ।


विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री भट्टराईले देशभित्रकै लामो अनुभवका आधारमा छुट्टाछुट्टै कानूनको आवश्यकता महसुस गरी दुई विधेयक ल्याइएको बताए । 'हवाई सेवा र नागरिक उड्डयन प्राधिकरण नियमनकारी र सेवा प्रदायक काम गर्ने अलगअलग संस्था हुन्, त्यसैले एकै ठाउँमा राख्दा चाहना बाझिने र घटना घट्दा अधिकार र दायित्वको विषयमा अलमल हुँदा विधेयक ल्याउनुपरेको हो ।'

मन्त्री भट्टराईले हवाई सेवाको क्षेत्रमा दुवै संस्था अन्तरसम्बन्धित रहेको उल्लेख गर्दै उड्डयन क्षेत्रको सञ्चालन, व्यवस्थापन, प्रशिक्षण र नियमनमा यसले थप उचाइ प्राप्त गर्ने विश्वाससमेत व्यक्त गरे । युरोपेली सङ्घ (इयू) ले नेपाल वायुसेवा निगमलाई कालोसूचीमा राखेको विषयमा सांसदहरुले उठाएको प्रश्नमा उहाँले दायित्व र जिम्मेवारीमा द्वन्द्व भएकाले विगतमा समस्या उत्पन्न हुने गरेको स्वीकार गर्दै ऐन आएपछि भने उक्त समस्या हल हुने विश्वास दिलाए ।

मुलुकमा विसं २०५३ मा नेपाल नागरिक उड्डयन ऐन पारित भएको थियो । विसं २०५६ मा नेपाल नागरिक उड्डयन प्राधिकरण बनेर काम गर्दै आएको थियो । सबै काम एउटै ऐनबाट हुँदै आएको थियो । विधेयकमाथि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का कोमल ओली र रामनारायण बिँडारी, नेपाली काँग्रेसका राधेश्याम अधिकारी र सांसद जितेन्द्रनारायण देवलगायतले छलफल गरेका थिए ।

# पोर्चुगलमा कोभिड-१९ बाट नेपाली संक्रमित

**काठमाडौं/मस-** पोर्चुगलको फारोमा कृषि मजदुरका रुपमा ग्रामीण इलाकामा काम गर्ने एक नेपाली नागरिकलाई कोरोना सङ्क्रमण भएको छ। फारो नगरपालिकाका प्रमुख रोगिरियो बाकलहाउले सो घटनाको पुष्टि गरेका हुन् । नेपालीमा कोभिड- १९ पुष्टि भएपछि संक्रमण फैलन नदिन उनीसँगै काम गर्ने र उनको सम्पर्कमा भएका अन्यको आइतबार व्यापक खोजी गरिएको थियो ।



यसै क्रममा संक्रमित नेपालीसँगै बस्ने, सँगै काम गरेका र सम्पर्कमा भएका ७४ नेपालीलाई क्वारेन्टाइनमा राखिएको छ । फारोका प्रमुखका अनुसार स्वास्थ्य निर्देशनालयको मस्यौदाले कोरोना सङ्क्रमित नेपालीसहित अन्य नयाँ बिरामीको पुष्टि भएको हो ।

कोरोना संक्रमित कृषि मजदुर नेपाली नागरिक भएको पुष्टि भए तापनि उनको नाम र उमेरबारे केही खुलाइएको छैन । नेपाली कन्सुलर मकरबहादुर हमालले ७४ नेपालीलाई क्वारेन्टाइनमा राखिएको र एक नेपालीलाई सङ्क्रमित भएको स्थानीय समाचार माध्यमले जनाएपछि सोबारे कूटनीतिक पहल गरिने बताए ।

उनले सम्पूर्ण नेपालीलाई सुरक्षित रहन अनुरोध पनि गरे । उनका अनुसार कोरोना सङ्क्रमित ती नेपाली कति मानिससँग काम गर्छन्, कहाँ र कोसँग बस्छन्, उनको सम्पर्कमा को को कति जना मान्छेहरु रहेका थिए भन्नेबारे अनुसन्धान भइरहेको छ । कोरोनाबाट अन्यलाई कसरी सुरक्षित राख्न सकिन्छ भन्ने उपाय पनि अवलम्बन गरिनेछ ।

फारोका प्रमुखले स्थानीयवासीलाई घरमै रहन, धेरै मानिस भएका ठाउँमा नजान, क्याफेमा नजान र भेला नहुन तथा र सरकार र सरकारी अधिकारीको निर्देशनलाई पालना गर्न आग्रह गरेका छन् । पोर्चुगलमा पछिल्लो समयमा २७६ जना कोभिड -१९ बाट सङ्क्रमित भएको बताइएको छ ।

# नेपालस्थित अमेरिकी दूतावासद्वारा सम्पूर्ण भिसा प्रक्रिया रद्द

**काठमाडौं/मस-** कोरोना भाइरसको प्रकोपका कारण नेपालका लागि अमेरिकी दूतावास काठमाडौंले सम्पूर्ण भिसा दिने प्रक्रिया रोकेको छ । भोलिदेखि लागू हुने गरी दूतावासले डाइभर्सिटी भिसा 'डिभी' तथा गैर आप्रवासी भिसा दिने प्रक्रिया रोक्ने जानकारी दिएको हो ।



भिसा दिने प्रक्रिया रद्द भएपनि एमआरभी शुल्क भुक्तानी गरिएको मुलुकमा भुक्तानी मितिको एक वर्षसम्म भिसा आवेदनका निम्ति मान्य रहने दूतावासद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । भिसा प्रक्रिया कहिलेदेखि सुरु हुने भन्ने दूतावासले स्पष्ट पारेको छैन ।

विज्ञप्तिमा जतिसक्दो चाँडो भिसा सेवा पुनः सञ्चालन हुने उल्लेख गरिएको छ । अति जरुरी कारणवश तुरुन्तै यात्रा गर्न आवश्यक भएमा निश्चित मापदण्डमा रहेर दुतावासले भिषा दिने जनाएको छ ।

अमेरिकाले यसअघि नै युरोप यात्रामा प्रतिबन्ध लगाइसकेको छ भने मुलुकभित्र आपतकाल घोषणा गरेको छ । कोरोना भाइरसका कारण अमेरिकामा ६९ जनाको मृत्यु भएको छ भने ३ हजार ७ सय ८२ जनामा संक्रमण देखिएको छ ।

# २० हजार घुससहित पक्राउ



**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले रु २० हजार घुस लिएको अभियोगमा नेपाल विद्युत् प्राधिकरण रत्नपार्क वितरण केन्द्रका इलेक्ट्रिकल सुपरभाइजर कैलाशप्रसाद दाहाललाई सोमबार पक्राउ गरेको छ ।

नयाँ मिटरको क्षमता वृद्धिको लागि नियमानुसार राजश्व तिरी प्रक्रिया अगाडि बढाउँदा समेत काम झन्झटिलो हुन्छ भन्दै दाहालले सेवाग्राहीसँग घुस मागेको आयोगको आरोप छ । आयोगले उनलाई कार्यालयको सेवाग्राही फाँटबाटै पक्राउ गरेको प्रवक्ता प्रदीपकुमार कोइरालाले जानकारी दिए ।

यस्तै आयोगले राम्चे आधारभूत विद्यालय मराङ म्याग्दीका शिक्षक छोटेलाल ठाकुरको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको अभियोगमा आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

# सम्पत्तिका लागि बाआमाको हत्या

**कञ्चनपुर/मस-** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-११ स्थित कटान टोलका भण्डारी दम्पत्ती हत्यामा उनकै छोराको संलग्नता रहेको आरोपमा प्रहरीले छोरालाई प्रक्राउ गरेको छ । सोमबार जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा पत्रकार सम्मेलन गरी प्रहरीले भण्डारीका जेठा छोरा २६ वर्षे भरतबहादुरलाई सार्वजनिक गरेको हो ।



गत फागुन १५ गते ५२ वर्षीय जयलाल भण्डारी र उनकी २२ वर्षीय पत्नी धनादेवीको घरभित्रै धारिलो हतियार प्रयोग गरी हत्या भएको थियो । प्रक्राउ परेका भण्डारीले आफूले मादक पदार्थ सेवन गरी बुवाआमाकै हत्या गरेको प्रहरीसमक्ष बयान दिएका छन् ।

पक्राउ परेका भण्डारी जयलालका जेठीपट्टिका श्रीमतीका जेठा छोरा हुन् । उनले अंशवण्डा, सम्पत्ति भोगचलन, पारिवारिक झगडाका कारण बुवाआमाकै हत्या गरेको बयान दिएको कञ्चनपुरका प्रहरी नायव उपरीक्षक (डिएसपी) रवीन्द्रनाथ पौडेलले पत्रकार सम्मेलनमार्फत जानकारी दिए ।

भरत गत फागुन १३ गते सवारी चालक अनुमति पत्रको परीक्षा दिन महेन्द्रनगर (भीमदत्तनगर) आएका थिए । परीक्षामा अनुर्तीण भएपछि उनी फागुन १४ गते आफन्तसँग भेटघाट गरी डडेलधुरा फर्कन भनी कैलालीको गोदावरी पुगेका थिए । राति करिब साढे ८ बजे उनी कलुवापुरस्थित घर पुगेका थिए । सोही रात उनले परिवारसँग झगडा गरेको प्रहरीसँगको बयानमा भरतले बताएका छन् । वादविवादपछि धना भान्साकोठा गएकी थिइन् ।

सोही मौका छोपी भरतले आफूले सौतेनी आमा धनालाई लोहोरोले हानी अचेत बनाएर हँसिया प्रहार गरी हत्या गरेको प्रहरीसँगको बयानका क्रममा भनेका छन् । त्यसलगत्तै भरत बुवा (जयलाल) सुतेको कोठामा पुगेको र सोही हतियार प्रयोग गरी बुवाको हत्या गरेको बयानलाई उद्धत गर्दै प्रहरीले जनाएको छ ।

हत्यापछि भरत डडेल्धुरातर्फ लागेका थिए । भरतले हत्याका क्रममा प्रयोग गरेको हतियार र पञ्जा भासुभीरबाट तल खसालेको र घटनाक्रममा भरतले लगाएका लुगा डडेल्धुरास्थित घरबाट प्रहरीले फेला पारेको बताएको छ । हत्या भएको स्थानमा फेला परेको 'हेडफोन' भरतकै भएको पुष्टि भएपछि यसको रहस्य खुलेको प्रहरीले जानकारी दिएको छ ।

भरतकी आमा स्तन क्यान्सरका कारण निधन भएको र जयलालले दोस्रो विवाह गरेपछि भरत र धनाबीच सधैं विवाद हुने गरेको स्थानीयले बताएका छन् । पारिवारिक कलह बढ्न थालेपछि भरत केही वर्षदेखि डडेल्धुराको अमरगढी नगरपालिका-२ जुगेनास्थित पुर्ख्यौली घरमा बस्दै आएका. थिए । प्रहरीले भरतलाई चैत २ गते पुर्ख्यौली घर डडेलधुराबाट पक्राउ गरेको हो । हत्या भएका भण्डारी दम्पत्तीका सात महिनाकी एक छोरी छन् । स्वास्थ्यमा समस्या आएपछि उनलाई धनगढीस्थित माया मेट्रो अस्पतालमा राखिएको छ ।

# मृतक परिवारलाई राहत तीन लाख

**धनुषा/मस-** धनुषामा घरेलु मदिरा पिउँदा मृत्यु भएका व्यक्तिको परिवारलाई प्रदेश सरकारले रु तीन-तीन लाख राहतस्वरुप प्रदान गर्ने भएको छ । मुख्यमन्त्री लालबाबु राउतले घरेलु मदिराको कारण सवैभन्दा बढी मृत्यु भएका क्षिरेश्वरनाथ नगरपालिकाको रम्दैया गाउँमा सोमबार विहान पुगेर पीडित परिवारलाई समवेद्ना प्रकट गर्दै सो राहत रकम प्रदान गर्ने घोषणा गरेका हुन् ।



सो अवसरमा उनले विषाक्त मदिरा विक्री वितरण तथा उत्पादन गर्नेलाई कानूनको दायरामा ल्याउने स्पष्ट पार्दै प्रदेशलाई चाडै 'खुल्ला मदिरामुक्त प्रदेश' घोषणा गर्ने जानकारी गराए ।

रम्दैया पुगेको मुख्यमन्त्री राउतका साथै आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्रकुमार यादवले सोमबार नै सुरक्षा समितिको बैठक बस्ने जानकारी गराउँदै सो वैठकमा खुल्ला मदिरा नियन्त्रणका साथै दोषीमाथि कारवाहीको प्रक्रिया बढाउनेलगायतको विषयमा निर्णय हुने बताए ।

रम्दैयामा विषाक्त रक्सी सेवनबाट मृत्यु भएका १४ परिवारलाई आइतवार सांसद रघुबीर महासेठले व्यक्तिगत रुपमा प्रत्येक पीडित परिवारलाई काजकिरियाका लागि रु २० हजार प्रदान गरेका थिए ।


## मलेशियामा रोजगार | कम्पनी: LIAN LOK PLANTATION CO. SDN BHD शहर: MUAR

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५०९ LT. No.: 234803

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plantation Workers | 11 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११, १२ र १३ गते (24, 25 & 26 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT.LTD**

samakhushi-26- Kathmandu, Tel.: 01-4352852, 9851154618, 9860067074, 9801052384 9841533107, Email: Swifthr12@gmail.com, Web: www.swifthrsolution.com

## मलेसियामा रोजगार | कम्पनी : I-CREATION NURSERY & LANDSCAPING SDN.BHD. शहर : JALAN

पूर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४५६ LT. No.: 234887

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Industry Workers | 8 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**पाल्ही ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ५९४/०६२/०६३

जि.पि.ओ. बक्सः ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोनः ०१-४०१५७९२, ४०१५६५५

E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com

## साउदीमा रोजगार | कम्पनी : LATEEFAH ABDULLAH AL MUSAILIM COLD STORE शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/१२/०२ चलानी नं.: ६०१५३४९१ L.T. No.: 235004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Hamdan Employment Service Pvt . Ltd.**

Gov. Lic. No. 761/064/065

Tilganga-9, Manpower Bazar, Airport, Kathmandu, Tel: 4474505, 4474506

Email: hamdan773@gmail.com | Website: www.hamdannepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर | कम्पनी : WHITE SUGAR CAFE. शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७६/१०/१२ चलानी नं.: ६०१५०५४५ LT. No.: 231189 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 4 | 0 | स. काममा दक्ष | 1300 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Fine Job Recruitment Pvt.Ltd.**

श्रम इजाजत नं. ११८०/०७३/७४

P.O.Box : 6163, Sinamangal-9, Kathmandu, Tel 4110721, 4110722

Mob.: 9801061512, 9841876087

Email : finejobrecruitment@gmail.com, finejobrecruitment74@gmail.com, URL : www.finejob.com.np

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**

**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449

Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### कोरोना कालोबजारी: कुकृत्यको पराकाष्ठा

गएको नोभेम्बर १७ देखि फैलिएको कोरोना भाइरसको संक्रमणबाट विश्वका १६२ देशका एक लाख ७४ हजार बढी बिरामी भएका छन् । त्यस मध्ये ६६८५ जनाको मृत्यु भएको छ भने ७८ हजार हाराहारी उपचारपछि घर फर्किएका छन् । बाँकी ९० हजार संक्रमित क्वारेन्टाइनमा उपचारत छन् । नेपालको उत्तरी छिमेक चीनको वुहानबाट फैलिएको कोरोना भाइरसको संक्रमणबाट दक्षिण एसियाली मुलुकहरूमा समेत संक्रमण देखिएको छ । नेपालमा एक जनामा संक्रमण देखिए पनि सफल उपचार भइसकेको छ । तर, दक्षिणी छिमेक भारतमा संक्रमित संख्या बढिरहेको छ भने दुई जनाको मृत्यु भइसकेको छ । कोरोना भाइरसको संक्रमण विरूद्ध दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) का कार्यकारी राष्ट्र प्रमुखहरूले साझा प्रयत्न गर्ने प्रतिबद्धता जनाएका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले विश्वब्यापी महामारीको घोषणा गरेको कोरोना भाइरस रोकथाम गर्न अहिलेसम्म नेपाल सफल देखिएको छ । धेरैले यसलाई संयोग भने पनि नेपालले अपनाएको सतर्कताले पनि रोकथाममा सहयोग पुगेको छ । उच्च संक्रमण भएको मुलुकहरूको उडान बन्द गर्ने र स्थलगत आवागमनमा गरिएको कडाईले पनि रोकथाममा सहयोग पुगेको हुनसक्छ । स्वास्थ्य मन्त्रालयले नेपाल अहिलेसम्म कोरोना भाइरसको संक्रमण रोक्न सफल भएको दावी गरेको छ । तर, अझै खतरामुक्त भने भइसकेको छैन । किनभने, चीनबाट शुरू भएको संक्रमण यूरोप हुँदै अमेरिकासम्म पुगेको छ र ती लगभग सवैजसो मुलुकमा नेपाली छन् । त्यसैले यसबारे सचतेता अपनाउन जरूरी छ ।

तर, यस्तो महामारीको संक्रमण तीव्र भइरहेका बेला नेपालमा कालोबजारीका पर्याप्त घटना देखिएका छन् । कोरोना भाइरसबाट जोगिन अति नै आवश्यक रहेको मास्क कालोबजारी भएको घटना सार्वजनिक हुनले कालोबजारी भइरहेको प्रमाणित हुन्छ । अझ दैनिक उपभोग्य वस्तुमा समेत गरिएको कृतिम अभाव र उपभोक्ताले मनमरी सञ्चित गर्ने विषय कम आपत्तिजनक होइन । कृतध्नताको पराकाष्ठा र कुकृत्यको हद पनि हो ।

यति संवेदनशील विषयमा कालोबजारी गर्नेमाथि कडा कार्बाहीको आवश्यकता रहेकोमा दुइमत छैन । संसारलाई त्रसित बनाइरहेको कोरोना भाइरस विरूद्ध सिंगो मुलुक एकजुट हुन आवश्यक छ । छिमेकी देश चीनले एकतावद्ध भएर कोरोना भाइरस रोकथाममा गरेको सफलताबाट सिंगो विश्वले सिक्न जरूरी छ, नेपालले पनि सिक्नुपर्नेछ । बिपतको बेला एकताबद्ध भएर लड्नुपर्नेछ, महामारी फैलिए कसलाई आपत आइलाग्छन् भन्ने भर हुन्न । त्यसैले आफ्नै जीवन रक्षार्थ पनि यसबारे सोच्न आवश्यक छ ।

## सामाजिक सञ्जाल



नेतृत्व त्यो हो, जस्ले आगो लागेको बखत स छिटो पाईला चाल्छ । भर्खरै, अमेरिकाले आफ्नो उद्योग धन्दा, ब्यापार र आम नागरिकको आपतकालिन हित रक्षार्थ ईतिहासकै एक साहसिक कदम लिंदै ब्याज दरलाई झण्डै 'शुन्य' मा झारेको छ ‼ हाम्राले पनि केहि सिक्ने हो कि ?

- विजय कुमार पाण्डे



कृपया बिपी र मधुमेहजस्ता रोग लागेर औषधि सेवन गरिरहनु भएका बिरामीले आफ्नो नियमित जाँचलाई केही पर सारेर अस्पतालमा भिड नगर्दिनु होला । तपाईँले कोरोना सार्नेमात्र हैन, तपाईँलाई नै सर्न सक्छ । भारतले ९०१८ का डिस्पोजेवल सामानको निर्यातमा कडाइ गरेकाले यता अझ अभाव हुनेछ ।

- रामेश



भीम रावलको विद्यावारिधीको विषय रोचक लाग्यो । निष्कर्ष के होला ? माओवादी आन्दोलनलाई आतंककारी गतिविधि भनिएको होला कि राजनीतिक ?

- विपेन्द्र



समाचारको काम समाचारले गर्छ, विज्ञापनको काम विज्ञापनले नै । समाचारमाथि विश्वास नभए छनौटको अधिकार पाठकमा छ, जस्तोकि म गोरखापत्र पढ्दिन । विज्ञापनलाई पनि कसैले समाचार ठान्छ भने उसैको कमजोरी हो ।

- प्रकाश गुरागाई



प्रम केपी ओली बुढो भए राजिनामा देउ भन्ने गगन थापा केपी भन्दा ३ वर्ष जेठा कृष्ण सिटौलालाई काँध थापेर देउवा विरूद्ध उभिने अरे । आफै नेतृत्व गरे हुन्न र दाई? किन बुढाखाडा कै भर पर्नु पर्ने ?

- बडा काजी

# सरकारको दुई वर्षे कार्यकाल

**निर्मला हत्याकाण्डमा कि कसैलाई बचाउन खोजियो वा राज्यको सम्पूर्ण शक्ति लाग्दा पनि हत्यारा पत्ता लगाउन सकिएन । ३३ किलो सुन प्रकरणमा भरियालाई समातियो साहुजी खोज्दाखोज्दै छानविन समितिको म्याद नै नथपी घटनालाई ओझेलमा पारियो ।**



■ वसन्तप्रसाद कोइराला

> जनतासमक्ष छलफल नै नगरी कोठे बैठकबाट विधेयक ल्याइयो जुन बजारमा आउन नपाउँदै विवादास्पद बन्यो । आधा दर्जन विधेयकहरू यस्ता छन् । कतिपय विधेयक जनलहर ओर्लिएपछि फिर्ता लिइयो ।



नेपाल कम्युनिस्ट पार्टीले सत्ताको वागडोर सम्हालेको दुई वर्ष पूरा भयो । झन्डै दुईतिहाई नजिक रहेको सरकारले समाजवादी पार्टीसँग मिलेर दुईतिहाइ बनाई आरामपूर्वक सरकार सञ्चालन गऱ्यो । प्रतिपक्षी नेपाली कांग्रेसको भूमिका करिब-करिब शान्तजस्तै थियो । एकाध विषयभन्दा बाहेक अन्य धेरै विषयमा प्रतिपक्षी मौन नै बस्यो । राष्ट्रिय जनता पार्टीको पनि सशक्त भूमिका देखिएन । प्रतिपक्षी पार्टीहरू आन्तरिक किचलोमै रुमल्लिरहे । भारी बहुमतको सरकारलाई विकासको एजेन्डा पूरा गर्न सकिएन भन्ने बहानाहरू केही पनि बाँकी थिएनन् । अर्थात् भनौं विकासको एजेन्डालाई अगाडि लैजानका लागि कुनै बाधक तत्वहरू थिएनन्, जसरी जुन रफ्तारमा अघि बढ्छु भन्नका लागि पनि मार्ग प्रशस्तै थिए ।

सरकारले दुई वर्ष व्यतीत गऱ्यो । सरकारका दुईवर्षे उपलब्धिलाई केही सञ्चारमाध्यमले निकै महत्वका साथ प्रकाशन गरे । केही उपलब्धि निश्चय नै भएका छन् । जनताले स्थायी सरकारको अनुभूति गर्न पाएको पहिलो घटना नै होला । यसअघि कांग्रेसको बहुमतको सरकार पनि पाँच वर्ष टिक्न पाएन । यो सरकार पाँच वर्ष टिक्ने निश्चितप्राय: छ । अझ भनौं, बीचमा केही घटना नभए प्रधानमन्त्री केपी ओलीले नै पाँच वर्ष सरकार सञ्चालन गर्नुहुनेछ । गोरखापत्रका पानाहरू सरकारका उपलब्धिले भरिएका छन् । अन्य पत्रिकाहरूले सरकारले खासै उपलब्धि गर्न नसकेको विषयवस्तुहरूलाई उल्लेख गरेका छन् ।

चुनावको समयमा नेपाल कम्युनिस्ट पार्टीले घोषणापत्रमा धेरै विषयवस्तुको उठान गऱ्यो । सरकारमा आउँदा पूर्वशिचम रेल, उत्तर दक्षिण रेल, सप्तकोसीमा पानीजहाज, बृद्धहरूलाई ५ हजार मासिक भत्ता, राष्ट्रिय गौरवका आयोजना समयमै सम्पन्न गर्ने, गुणस्तरीय शिक्षा, एकवर्ष भित्रै तुइनको प्रतिस्थापन, काठमाडौंमा पेट्रोलियम गाडीको प्रतिस्थापन, परिमार्जित शिक्षा नीति जसमा ३० प्रतिशत साधारण र ७० प्रतिशत प्राविधिक जनशक्तिको विकासमा जोड आदि आदि । यस्ता धेरै विषय छन् जुन घोषणा पत्र तथा सरकार आफैंले गर्छु भनेर जनतासमक्ष वाचा गरेका विषयहरू हुन् । यी वाचाहरूको थालनी र प्रगती कहाँ कहाँ पुगे ?

यता सरकारलाई दुई वर्षको उपलब्धि के लेख्ने ? कसरी गहकिला शब्दहरू राखी विकासका गतिविधिहरू भएको जानकारी दिने भनी खोतलिरहँदा उता दिल्लीमा चुनावको मतगणना चलिरहेको थियो । यसपटक पनि आम आद्मी पार्टीले भारी बहुमतसहित चुनाव जित्ने पक्का भइसकेको थियो । अन्ततः आम आद्मी पार्टीले चुनाव जित्यो । दिल्लीमा आमआद्मी पार्टीले यस्तो भारी बहुमत ल्याउनुको कारण के थियो ? भारतीय जनता पार्टीले केन्द्रीय तहमा कांग्रेस आईलाई लज्जास्पद हार खुवाई इतिहासमा भारी बहुमत ल्याएको यो दोस्रो पटक हो । भारतमा भाजपाको त्यत्रो लहरका बाबाजुद पनि दिल्ली जस्तो राजधानीमा राजनीतिक रूपमा महत्वपूर्ण स्थानमा भाजपाको लज्जास्पद हार हुनुको कारण के हो ? भाजपाले दिल्ली चुनावमा आफ्नो केन्द्रीय तहका सम्पूर्ण नेतागणहरूको लर्को लगाउँदा पनि हार बेहोर्नुपऱ्यो । दुई रुपैयाँ किलो आँटाको प्रबन्ध गर्छु भनि भाजपाका केन्द्रीय नेताहरूले बोल्दासमेत दिल्लीका जनताले पत्याएनन् । यसको महत्वपूर्ण कारण भनेको आमआद्मी पार्टीको जनजनमा जितेको विश्वास थियो । दिल्लीको सार्वजनिक यातायातमा गरेको सुधार, महिलाहरूका लागि सार्वजनिक यातायातमा नि:शुल्क यात्राको व्यवस्था, मासिक २ सय युनिटसम्मको बिजुलीको बत्तीको नि:शुल्क व्यवस्था, करमा भारी छुट गरी १२ प्रतिशत करलाई ५ प्रतिशतमा झारेको, दिल्लीका कुनाकुनामा सिसिटिभीको व्यवस्था गरी चोरी, गुण्डागर्दीलाई नियन्त्रण गरेको, २० हजार विद्यालय भवनको निर्माण गरेको, जनताका लागि काम गरेको, प्रतिपरिवार मासिक २० हजार लिटर पानीको नि:शुल्क व्यवस्थाजस्ता कार्यहरू गरेको थियो, जसको प्रतिफल यही चुनावले देखायो । दिल्लीमा सिसिटिभीको व्यवस्था गर्नका लागि उठाएको फाइल लामो समय केन्द्रीय सरकारसमक्ष अड्किँदा अरविन्द केजरीवाल स्वयं फाइल भएको अड्डामा १० दिन त्यहीं बास बसी फाइल सदर गरी ल्याएका थिए । आफ्नै सावर्जनिक यातायातमा सवार भई जनताका यातायातका गुनासाहरू सुनेका थिए । प्रतिपरिवार औसतमा मासिक ५ हजार बचत हुने गरी हरेक पक्षमा छुटको व्यवस्था गरेका थिए । यसले दिल्ली जनतामा ३६ हजार करोडको बचत भएको थियो । जनतामा रकम बचत भए क्रय शक्ति बढ्छ र बजार चलायमान हुन्छ ।

उनले यो कार्य कसरी गर्न सम्भव भयो त ? भनी एक पत्रकारको जवाफमा कुनै पनि क्षेत्रमा करको वृद्धि नगरेको जवाफ दिएका थिए । यत्रो क्रान्तिकारी कार्यको एक मात्रै उपाय थियो भ्रष्टाचारको नियन्त्रण, जसबाट बचत भएको रकमलाई अनुदानको क्षेत्रमा प्रयोग गरे र त्यसको लाभ हाल दिल्ली जनताले पाइरहेका छन् । यस्तो परिवेशमा भाजपाको चुनावी घोषणालाई दिल्ली जनताले पत्याउने कुरै थिएन । भाजपालाई अर्को ठूलो झट्का विवादास्पद नागरिकाता ऐन पनि थियो । ऐनको व्यवस्थाअनुसार बंगलादेश, पाकिस्तान, अफगानिस्तानमा रहेका गैरमुस्लिमहरूलाई भारतीय नागरिकता प्राप्त गर्न सजिलो हुने व्यवस्था गरियो । यसबाट अल्पसंख्यक तथा गैर मुस्लिमलाई त फाइदा पुग्ला, तर करोडौं भारतीय युवा बेरोजगार रहेको, आर्थिक मन्दीको चपेटामा भारत गुज्रिरहेको, उधोगधन्दाहरू बन्द हुने क्रम बढिरहेको सन्दर्भमा थपहुने यस्ता आयातित नवभारतीयबाट भारतमा झन ठूलो बेरोजागरीको अवस्था सिर्जना हुने जस्ता विषयहरूले बजार ओगटेको अवस्था थियो ।

सरकारले आफ्ना दुई वर्षको उपलब्धि सार्वजनिक गरिरहँदा उसको चुनावी घोषणापत्र, सरकारको कामगराइको तौरतरिकालाई हेर्नु उपयुक्त हुन्छ । राष्ट्रिय गौरवका आयोजनाहरूको सूची थपिने क्रम जारी छ, तर हालसम्म आयोजनाको पूरा हुने दर हेर्ने हो भने भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलको काम करिब अन्तिम चरणमा पुगेको छ, तर पनि तोकिएको समयमा पूरा हुने अवस्था छैन । अन्य आयोजनाको प्रगति दर सन्तोषजनक छैन । करिब १८ सयजति निर्माण आयोजना अलपत्र र सरकारी लगानी डुब्ने अवस्थामा छन् । गौरवका आयोजनाहरू समयमै सम्पन्न हुन सक्ने अवस्था छैन, साथै निर्माणको क्रम कछुवाको गतिमा छ । सप्तकोसी र नारायणीमा पानीजहाज चल्नका लागि जनता टिकट काट्ने प्रतीक्षामा छन् । निजी क्षेत्रले एक क्रुज निर्माण गर्दै गरेको अवस्था भन्दाबाहेक व्यावसायीक जहाज चल्ने छाँटकाँट नै देखिएको छैन । साना बोटहरू सप्तकोसीमा चले पनि लगानी सुरक्षा नभएको र हैरानी खेप्नुपरेको भनी आन्दोलनमा छन् । पश्चिमका जिल्लाहरूबाट तुइन पूरै विस्थापित हुने सम्भावना नै छैन । रेलको सर्वेमै पाँच वर्ष बित्ने भो । संघीयताको व्यवस्थापनमा बनेको र बन्ने क्रममा रहेका धेरैजसो विधेयकहरू विवादास्पद नै बने । पानीजहाज कार्यालयले कुनै काम पाउन सकेको छैन । सरकारको काम र प्रगतिका बारेमा बोल्न नेकपाका नेताहरू नै हिचकिचाइरहेको छ । सानातिना र नियमित कामभन्दा बाहेक गेम चेन्जर विकासका कामहरू खासै हुन सकेका छैनन् । चिनियाँ राष्ट्रपतिलाई नेपालमा स्वागत गर्न पाउनु र केही भिभिआइपीको भ्रमणलाई नै उपलब्धिका रूपमा लिइएको छ । राष्ट्रिय पुनर्निर्माणको काम पाँच वर्षमा पूर्ण रूपमा सम्पन्न हुने अवस्था छैन । पानी आउने म्याद पटक पटक सारेको कारण मेलम्चीको कामको पनि जनतामा खासै उत्साह देखिँदैन ।

बरु निर्माला हत्याकाण्ड, ३३ किलो सुन काण्ड, वाइडबडी काण्ड, विवादास्पद विधेयक, एनसेलको कर प्रकरण, महरा काण्ड, सार्वजनिक जग्गा हत्याउने ललिताकाण्ड, नेपाल ट्रस्टको जग्गा यति होल्डिङ्सलाई बुझाउने, एमसीसीजस्ता कार्यले सरकारको छविलाई बरु धमिल्याउने काम गऱ्यो । निर्मला हत्याकाण्डमा कि कसैलाई बचाउन खोजियो वा राज्यको सम्पूर्ण शक्ति लाग्दा पनि हत्यारा पत्ता लगाउन सकिएन । ३३ किलो सुन प्रकरणमा भरियालाई समातियो साहुजी खोज्दाखोज्दै छानविन समितिको म्याद नै नथपी घटनालाई ओझेलमा पारियो । बाइडबडी काण्डमा लेखा समितिमार्फत दोषी देखिएका व्यक्तिलाई यकिन गरी कारबाही गर्नुपर्नेमा अर्को नाम र प्रयोजनविहीन समिति बनाई उक्त घटनालाई ओझेलमा पारियो । जनतासमक्ष छलफल नै नगरी कोठे बैठकबाट विधेयक ल्याइयो जुन बजारमा आउन नपाउँदै विवादास्पद बन्यो । आधा दर्जन विधेयकहरू यस्ता छन् । कतिपय विधेयक जनलहर ओर्लिएपछि फिर्ता लिइयो । ललिता काण्डमा जग्गा फिर्ता गरेपछि अपराधबाट उन्मुक्ति पाउने नयाँ चलन भित्र्याइयो । कानुन बनाई सरकारी जग्गा प्रतिस्पर्धामार्फत बढी कबोल गर्नेलाई भाडामा दिनुपर्नेमा कवाडीको मूल्यमा एउटै संस्थालाई दिइयो । एमसीसी इन्डोप्यासिफिककै एक रणनीति हो भनी अमेरिकी निकायहरू बोलिरहदाँ त्यो इन्डोप्यासिफिक रणनीतिमा पर्दैन र यसैको कारणले हाम्रो देशमा अमेरिकी सैनिक आउँदैन भनी वकालत गरिँदैछ, अर्थात् भनौं मानौं यो देशको जनता कुरै बुझ्दैनन् । जान्ने-बुझ्ने जति सरकारमा छन् ।

जनताले खोजेको विकासको मोडेल के हो ? स्पष्टै छ । घरमा चौबीसै घण्टा बिजुली आओस, चौबीसै घण्टा धारामा खानेपानी आओस, नजिकै राम्रो उपचार हुने स्वास्थ्य संस्था होस, नजिकै उच्च गुणस्तरको शैक्षिक संस्था होस्, त्यस्तै रोजीरोटीका लागि रोजगारीको व्यवस्था होस् आदि । हुन त सरकारले चालेका कदमले पनि माथिका जनताका आकांक्षालाई पूरा गर्न त सक्ला, तर त्यसका लागि जनताले लामो समय कुर्नुपर्ने निश्चित छ । जनकल्याणकारी सरकारले आफ्नो उपलब्धिको वकालत गरिरहँदा दुई वर्षको बीचमा मूल्यवृद्धि अकासिएको, बेरोजगारीको दर घट्न नसकेको, सार्वजनिक यातायातको भाडादर बढेको, संघीयता सँगै करको दायरा र करको मात्रामा अत्यधिक बृद्धि भएको, सामुदायिक विद्यालयको गुणस्तर खस्कँदै गएको र निजी विद्यालयको शिक्षा सर्वसाधारणको महँगाइका कारण पहुँचबाट टाढिँदै गएको, काठमाडौंजस्तो महानगरमा खानेपानीको अभाव रहेको, सार्वजनिक यातायातमा सुधार हुन नसकेको, धूवाँधूलो तथा कोलाहलबाट काठमाडौंवासीले राहतको सास फेर्न नपाएको, स्वास्थ्यसेवाको क्षेत्र बढी मुनाफामूलक भई गरिब जनताले स्वास्थ्य सेवाबाट विमुख हुँदै गइरहेको आदि अवस्थालाई भुल्नु हुँदैन । तस्कर, कालोबजारी, गुन्डागर्दी मौलाउँदै गएका, चेलीबेटीहरूको दिनहुँजस्तो बलात्कारको घटना बढ्दै गरेको, राज्य स्वयं केही व्यापारिक घरानालाई राज्यको सम्पत्ति सस्तोमा भाडामा दिँदा राज्यकोषमा जम्मा हुने अर्बौंका सम्पत्ति गुमेको, ठूलठूला भ्रष्टाचारलाई राज्यले संरक्षण गरेको, आयोजना ढिलाइ हुँदा ठेकेदारलाई कारबाही नगरी बरु भेरिएसनको मूल्य थप दिँदा आयोजनाहरू खर्चिलो हुँदै गएको जस्ता पक्षले राज्य कतातिर जाँदैछ भनी हेर्नु जरुरी भइसकेको छ ।

यसअघिका सरकारले गरेका काम र तिनको गति र भारी बहुमतसहितको सरकारको कामको गति हेर्दा कुनै फरक देखिँदैन । बन्द-हड्ताल छैन, निर्माणका सामग्रीहरूको उपलब्धता बजारमा छ्यासछ्यास्ती छ, नाकाबन्दी छैन, अन्तर्राष्ट्रिय सरसहयोगका कुनै कमी छैन, जनताको साथ छ, प्रतिपक्षीले कुनै विरोध गर्ने अवस्था छैन, सरकार एकलौटी एउटै पार्टीको छ, यति हुँदाहुँदै पनि सरकारको विकासको गति उही पुरानै पाराको देखिएको छ । यस्तै अवस्था भयो भने जनताले कोबाट अपेक्षा गर्ने ।

भ्रष्टाचार नियन्त्रण गरी त्यसबाट आएको आम्दानीले दिल्ली सरकाले जनतालाई कति सुविधा दिएको छ यो लेखकलाई भन्दा बढी सरकारलाई नै थाहा होला । तर, हाम्रो मुलुकमा भ्रष्टाचार नियन्त्रणमा किन कमी आउन सकेन? एनसेलको बिक्रीको पुँजीगत लाभकर कता गयो ? बाइडबढीको चार अर्बको घोटाला कता हरायो ? ३३ किलो सुन खै ? नेपाल ट्रस्टको जग्गा लिलाम बढाबढमा भाडामा दिन नमिल्ने नै हो सरकार ? यस्ता ठूला कारोबार जसले राज्यको अर्थतन्त्रका ठूलो योगदान दिन सक्छ यस्ता विषयहरूमा सरकार मौन हुने अनि सानातिना आम्दानी भएको जनताबाट कर उठाउने र शासन गर्ने परीपाटीले देश कता जाला ? यस्ता क्षेत्रबाट राज्यको आम्दानी बढाउँदै लगौं र जनतालाई अधिकतमभन्दा अधिकतम सुविधा दिने मोडलमा विकासका गतिविधि लैजाओ । यसले जनतामा सुशासनको अनुभूति दिन सक्छ । कार्यकर्ताकै भरमा देश चल्छ भनेर सोच्नु दिवास्वप्न हुन्छ । जनता आफ्नो भए भने मात्र अर्को चुनावका लागि बाटो खुल्छ ।

एक्काइसौं शताब्दीका जनता छन् । हिजोका दिनमा केही सूचना प्रविधि नहुँदा त जनताले शासकको व्यवहारको मूल्यांकन गरेकै थिए । राणा पनि यही जनताले ढालेकै हुन । पञ्चायत पनि यिनैले ढालेका हुन् । कांग्रेसलाई पनि बुहमत यिनै जनताले दिएका हुन् । माओवादीलाई पनि एकपटक ठूलो पार्टी बनाएकै हुन् । अहिले प्राविधिक रूपमा नेपाल कम्युनिस्ट पार्टीलाई पनि नेपाली जनताले भारी बहुमत दिएका छन् । यो अवसरलाई सरकारले सदुपयोग गर्नैपर्छ । यो कारणले काम गर्न पाइन भन्ने छुट यो सरकारलाई छैन । गर वा मर भन्ने स्थितिमा यो सरकार छ । दिल्ली सरकारले जनताको मन जित्न के गऱ्यो, यो त देख्नुभएकै होला । जनताको मन जित्ने कोसेली फुकाउनुहोस् । काम गर्नका लागि अझै तीन वर्ष बाँकी छ । विगतका दुई वर्षमा सरकारले जे जसरी व्याख्या गरे पनि नियमित कामबाहेक खासै उपलब्धि भएको छैन । हिजोका कामको आत्मसमीक्षा गरी तीन वर्षमा देखिने ठोस र जनतालाई राहत हुने कामको प्याकेज ल्याउनुहोस । यसबाट जनताको भलाइ त छँदैछ, साथै नेकपाको पनि भलाई हुने निश्चित छ । अन्यथा इतिहासले दिएको यो अवसरलाई सदुपयोग गर्न नसक्दा पछि पछुतो मान्नुको विकल्प छैन ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने् छैनौं ।**

**मध्यान्ह राष्ट्रिय दैनिक**
इमेल: article .madhyanhadaily@gmail .com

# कोरोनाबाट इटली, स्पेन र फ्रान्समा एकैदिन ५०१ को मृत्यु

## अमेरिकी विमानस्थलमा भीडभाड

**रोम/एजेन्सी–** चीनपछि युरोपमा फैलिन पुगेको कोरोना भाइरस संक्रमणका कारण युरोपेली युनियनसम्बद्ध देश इटली, फ्रान्स र स्पेनमा आइतबार ५०१ मानिसको ज्यान गएको छ । कोरोना संक्रमणका कारण यी देशमा भएको यो अहिलेसम्मकै उच्च मृत्यु हो ।

इटलीमा आइतबार कोरोनाभाइरसको सङ्क्रमणबाट सबैभन्दा धेरै मानिसको मृत्यु भएको छ। विश्वभर ६ हजारभन्दा बढी व्यक्तिको ज्यान लिएको कोरोनाको सङ्क्रमण रोक्न युरोपेली मुलुकका सरकारहरूलाई अझ बढी नियन्त्रणका उपाय अबलम्बन गर्न बाध्य बनाएको छ ।

इटलीमा आइतबार कोरोनाको सङ्क्रमणबाट ३६८ जनाको मृत्यु भएको छ । इटालीमा मृतकको सङ्ख्या योसमेत एक हजार ८ सय ९ पुगेको छ । चीनपछि सबैभन्दा प्रभावित मुलुक अब इटाली भएको छ ।

युरोपेली युनियनमा आबद्ध अर्को मुलुक स्पेनमा पनि एकैदिन ९७ मानिसको मृत्यु भएको छ । हालसम्म १ हजार ४ सय ५४ को ज्यान गइसकेको स्पेनमा कुल संक्रमित संख्या ७ हजार ८ सय ४५ छ ।

फ्रान्समा पनि कारोनाको संक्रमण र मृत्युदर ह्वात्तै बढेको छ। बीबीसीका अनुसार, फ्रान्समा आइतबार ३६ जनाको ज्यान गएको छ । योसँगै फ्रान्समा कोरोनाबाट ज्यान गुमाउनेको संख्या १ सय २७ पुगेको छ ।

भ्याटिकनले पनि इस्टर सप्ताह समारोह रद्द गरेको छ । पोप फ्रान्सिस आइतबार भ्याटिकन शहरमा पैदल हिँडेर कोरोनाभाइरस महामारीको शिकार भएकाहरूका लागि एउटा गिर्जाघरमा प्रार्थना गर्न जानु भएको थियो ।

कोरोनाभाइरसबाट प्रभावित फ्रान्स र स्पेनमा पनि क्याफे, पसल र रेस्टुरेन्टहरू बन्द गरिएका छन् ।

फ्रान्सले अति जरुरी बाहेकका व्यवसायहरू बन्द गर्न आदेश दिएको छ भने स्पेनले एक कदम अगाडि गएर मानिसहरूलाई स्वास्थ्य सेवा वा खाद्यान्न किन्न बाहेकका अरू काममा घर छोड्न प्रतिबन्ध लगाएको छ ।

जर्मनीमा कोरोना सङ्क्रमित व्यक्तिको सङ्ख्या बढेपछि फ्रान्स, अस्ट्रिया, स्विट्जरल्याण्ड, लक्जमबर्ग र डेनमार्कसँगका सीमामा सोमबारदेखि कडाइ गरेको छ ।

**अमेरिकी विमानस्थलमा भिडभाड**

संयुक्तराज्य अमेरिकाले गत हप्ता युरोपका सबै मुलुकका नागरिकमाथि अमेरिका यात्रामा प्रतिबन्ध लगाएको थियो । नयाँ प्रतिबन्धले अमेरिकी विमानस्थलमा ठूलै भीडभाड र अन्यौलको वातावरण सिर्जना गरेको छ । विमानस्थलमा यात्रुहरूको ठूलो समूहले गुनासो गरे पनि कर्मचारीहरूले नयाँ प्रवेश नियमहरू र मेडिकल स्क्रीनिङमा कडाइ गरेका छन् ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको स्वास्थ्य परीक्षणमा कोरोनाको सङ्क्रमण देखिएको छैन । उनी अमेरिका भ्रमणमा रहनु भएका ब्राजिलका राष्ट्रपतिको प्रतिनिधिमण्डलका धेरै सदस्यसँग भेटवार्ताका क्रममा सम्पर्कमा आएका थिए ।

अमेरिकी अर्थमन्त्री स्टिभन मन्चिनले आइतबार महामारीको प्रभावले अमेरिकी अर्थतन्त्रमा केही 'मन्दी' उत्पन्न भएको बताए । तर उनले यस्तो मन्दी धेरै दिन नरहने दाबी गरे ।

आधिकारिक स्रोतहरूबाट एएफपीले सङ्कलन गरेको तथ्याङ्कअनुसार, आइतबारसम्ममा विश्वभर ६ हजार ४२० जनाको मृत्यु भएको छ भने एक लाख ६३ हजार ९३० जना बिरामी भएका छन् । यो रोग विश्वका १४१ मुलुकमा देखिएको छ ।

युरोपमा आइतबारसम्ममा कोरोनाभाइरसको संक्रमणबाट मर्नेको सङ्ख्या २,००० नाघेको छ।

यो रोगले विश्वका सबै क्षेत्रहरूमा असर पारेको छ, खेल र सांस्कृतिक क्यालेन्डरहरू रद्द भएका छन्, शेयर बजार र व्यवसायलाई हल्लाइदिएको छ - विशेष गरी एयरलाइन्स ।

**चीनले विदेशी यात्रुलाई क्वारेन्टाइनमा राख्ने**

चीनमा कोरोना सङ्क्रमितको सङ्ख्या ८० हजार ८४४ जना पुगेको छ जसमध्ये ३ हजार १९९ जनाको मृत्यु भएको छ । निकै ठूलो सचेतता अपनाएका कारण ६६ हजार ९११ जना बिरामी निको भएर घर फर्केका छन् ।

चीनले पछिल्लो पटक विदेशी यात्रुहरूलाई नयाँ नियमहरू घोषणा गरेको छ। चीन प्रवेश गर्ने हरेक व्यक्तिलाई क्वारेन्टाइनमा बस्नुपर्ने नियम बनाइएको छ ।

करिब ७२४ जनाको मृत्यु भइसकेको इरानमा सार्वजनिक स्थलमा मानिसलाई भेला नहुन आदेश जारी गरिएको छ । इरान अहिले चीन र इटालीपछि सर्वाधिक प्रभावित मुलुक हो ।

बेलायतले स्थानीय चुनावहरू रद्द गरेको छ। बेलायतले पनि अन्य युरोपेली राष्ट्रहरूकै अनुसरण गर्ने र जनसमुदायको जमघटमा प्रतिबन्ध लगाउने सङ्केत दिएको छ ।

अर्कोतर्फ, फ्रान्सले आइतबारका लागि तय भएको नगरपालिका चुनाव अगाडि बढ्न अनुमति दिएको छ ।

नेदरल्यान्ड्स सरकारले नयाँ कोरोनाभाइरसको सङ्क्रमणको खतरा औंल्याउँदै देशका सबै स्कुल, बार, रेस्टुरेन्ट, यौनक्लब र क्याफेहरू बन्द गर्ने आदेश दिएको छ ।

धेरै देशहरूले आफ्ना मुलुकमा प्रवेश गर्न विदेशीहरूलाई प्रतिबन्धको घोषणा गरेका छन् ।

अस्ट्रियाले पाँच भन्दा बढी व्यक्ति भेला हुन आइतबार प्रतिबन्ध लगाएको थियो। नर्वेले शनिबारदेखि नै अन्तर्राष्ट्रिय उडानहरू बन्द गर्ने घोषणा गरिसकेको छ ।

पोर्चुगलले पनि घातक कोरोनाभाइरसको विस्तारलाई सुस्त पार्न १०० भन्दा बढी व्यक्ति भेला नहुन आदेश दिएको छ ।

अष्ट्रेलिया र न्युजील्यान्डले विदेशबाट आउने जोकोहीले दुई हप्ता अलग्गै बस्नुपर्ने जनाएका छन् ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७६/१२/०४

यस कम्पनीको मिति २०७६/११/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुन्दर यातायात ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. १९६५८९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सुन्दर ट्रेडर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**फोर सिजन्स हस्पिटालिटी प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/१०/२८ मा दर्ता भएको फोर सिजन्स हस्पिटालिटी प्रा.लि.(दर्ता नं. २०८६०२) को मिति २०७६/१२/०२ गते बसेको एकल शेयरधनिको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय चन्द्रागिरी, काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।

**लिक्वीडेटरः शंकर खनाल, चन्द्रागिरी–२०, काठमाडौं,**
**इजाजतपत्र नं. ३३२, फोन नं. ९८५१११६२०३**

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुरको सम्झौता गर्न आउने बारेको सूचना ।**
**प्रकाशित मिति २०७६/१२/०४**

यस विभागको प्रशासनिक एवं शिक्षण भवन अगाडिको परिसरमा फुल विरुवासहितको वगैंचा निर्माण, कन्फेरेन्स हल रिनोभेसन, डेस्क र कुर्ची निर्माण, प्रशासनिक एवं शिक्षण भवनको रंगरोगन गर्नका लागि मिति २०७६।११।१७ को मध्यान्ह राष्ट्रिय दैनिकमा विभागमा उपलब्ध मापदण्डको अनुसारको जमीन निर्माण, रुखविरुवा र फुलसहितको वगैंचा निर्माण, कन्फेरेन्स हल रिनोभेसन, डेस्क र कुर्ची निर्माण, प्रशासनिक एवं शिक्षण भवनको रंगरोगनको अनुभव र दखल भएका सम्बन्धित व्यक्ति, फर्म/कम्पनीबाट अलग अलग सिलबन्दी दरभाउपत्र (कोटेशन) माग गरिएकोमा उक्त सूचना अनुसार प्राप्त सिलबन्दी दरभाउपत्र (कोटेशन) मध्ये विभागको मापदण्ड अनुसार कम मूल्यका दरभाउपत्र निम्न फर्म/कम्पनीको भएकोले यो सूचना प्रकाशन भएको मितिले ३ दिनभित्र सम्झौता गर्नको लागि विभागमा सम्पर्क राख्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| S. N. | Reference No | Activity Details | Form/Party-quotation with lowest price |
|---|---|---|---|
| 1. | TU-CDSO-COL-SQ-2 | Colouring on wall of the admin, class room , seminar hall, conference, and meeting hall and roof | Quality Furnishing & Traders, Buddhanagar, Kathmandu |
| 2. | TU-CDSO-PC-SQ-3 | Purchasing/Constructing Desk and Chair with Cupboard (Classroom, Conference Hall, Seminar Hall and Office Purpose) | Quality Furnishing & Traders, Buddhanagar, Kathmandu |
| 3. | TU-CDSO-CON-SQ-12 | Garden Formation/ Construction with Plantation and Beautification | Thapa Nursery, Taudaha, Kathmandu |
| 4. | TU-CDSO-CON-SQ-17 | Conference Hall Rennovation-Clock Tower (Room No: 301, 302, 303, 304)-For Humanities and Social Sciences | Rose Wood Furniture Suppliers, Kathmandu |

**SAUDI मा रोजगार** | कम्पनी: SHAM NAJD INTERNATIONAL CO. LTD. शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५११ L.T. No.: 234873

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labor | 3 | 0 | | 1000 | ३१,३६० | | | | | | | |
| 3. | General Mason | 1 | 0 | | 1500 | ४७,०४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२
श्रम इजाजत नं. १६३/०५६/०५७

**साउदीमा रोजगारको अवसर** | कम्पनी : AL DAFRA CONTRACTING COMPANY शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३४९४ L.T. No.: 234888

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**शुभ हारती म्यानपावर प्रा. लि.**
बालाजु चोक, काठमाडौं, नेपाल, श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-१-४३८७६२४, ४३८७७४६, ४३८७७४८

**मलेशियामा रोजगार** | कम्पनी : RECACO INDUSTRIES SDN. BHD. शहरः SELANGOR

पूर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५३० LT. No.: 235090

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 7 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Aslesha International Pvt. Ltd.**
Basundhara, Kathmandu, Tel.: 01-4016608, Email: aslesha.international@gmail.com
श्रम इजाजत नं. १४०२/०७४/०७५

**कुवेत र कतारमा रोजगार** | १. कम्पनी: DANA & BERKELEY TRADING CO. WLL शहरः KUWAIT

पुर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५३१ LT. No.: 235030

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 150 | स. काममा दक्ष | 75 | २८,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: AL-SAFA STAR CLEANINGS & SERVICES शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७६/१२/०३ चलानी नं.: ६०१५३५३२ LT. No.: 235053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 000 | 0 | स. काममा दक्ष | 1200 | ३४,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | क.नं. २ को निःशुल्क १ को रु. १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
Sinamangal-9, Kathmandu, Tel: 01-4492910, Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np
श्रम इजाजत नं. ११३६/०७३/०७४

**३५ (पैतिस) दिने सार्वजनिक तथा हकदारको नाउँको सूचना**

सालकोट गा.वि.स. वडा नं. २ हाल पञ्चपुरी नगरपालिका वडा नं. १ बस्ने चुनाकली मल्ल मेरो वुवा कृष्ण बहादुर खत्री को नाउँमा जग्गा दर्ता भएको र निजको मिति २०५१/११/१ मा मृत्यु भएको हुँदा मृतकका नामको जग्गामा हक लाग्ने नजिकको हकवाला छोरी हकदार चुनाकली मल्ल भएकोले मेरा नाउँमा नामसारी गरी पाउँ भन्ने व्यहोराको एकलौटी/नामसारीको मिति २०७६/११/५ को निवेदन भएको । यस कार्यालयबाट कारवाही हुँदा यस कार्यालयको मिति २०७६/१२/२ को आदेश अनुसार यो ३५ पैतिस दिने सार्वजनिक तथा हकदारको नामको सूचना प्रकाशित गरिएको छ। मृतक कृष्ण बहादुर खत्रीको नामको तपसिलको जग्गा हक लाग्ने हकदार अरु कोही भए यो सूचना टाँस गरिएको मितिले बाटाको म्याद बाहेक ३५ दिन भित्र प्रमाण कागज सहित यस कार्यालयमा उजुर गर्न आउनु होला। यो सूचनाको म्याद भित्र उजुर दावी नगरेमा नियमानुसार भैजाने व्यहोरा हकदार र अरु सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ज.ध.को नाम थर | गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| कृष्ण बहादुर खत्री | सालकोट | ४ त | ४ | १८-७-०३/४ |
| बाबु नरहरी | सालकोट | ४ त | ६ | १-९-३ |

यसमा ज.ध. कृष्ण बहादुर खत्रीको मिति २०५८/११/०१ मा मृत्यु भएको निजको एकमात्र श्रीमती हरिकला खत्रीनीको पनि मिति २०५८/०७/१० मा मृत्यु भैसकेकोमा निज दम्पत्तिबाट जायजन्म भएका एक भाई छोरा र एक बहिनी छोरी भएकोमा छोरा यामलाल खत्रीको पनि २०३८/०७/१० मा अविवाहित अवस्था मै मृत्यु भएकोमा एकमात्र विवाहित छोरी चुनाकली मल्लले मृतक वुवाका नामको जग्गा एकलौटी नामसारीका लागि निवेदन दर्ता गराइएकोमा मृतक ज.ध.को ज.ध. प्रमाण पूर्जामा नाम थर किस्न बहादुर र निजको ना.प्र.नं.मा नामथर कृष्ण बहादुर खत्री भै फरक परेको ।

**मलेशियामा रोजगारको अवसर** | कम्पनी : FELDA TECHNOPLANT SDN BHD शहरः KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०७६/११/१२ चलानी नं.: ६०१५२२९५ LT. No.: 233522 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker (Plantation) | 200 | 0 | स. काममा दक्ष | 1200 | ३३,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत ११ गते (24 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं, फोन: ४३७९०४७, ४३७९०९१
